Pragyan Volume : 7, Issue : 1, 2079, ISSN : 2661-6068
DOI: https://doi.org/10.3126/pragyan.v7i1.55153

# *भूकम्प प्रार्थना* कवितासङ्ग्रहमा अभिघात चेतना

डा.टंकप्रसाद पन्थ
उपप्राध्यापक
त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा
इमेल : tankapantha12gmail.com

**लेखसार**

*प्रस्तुत लेखमा कवि गोविन्दराज भट्टराईको 'भूकम्प प्रार्थना' कवितासङ्ग्रह भित्रका कवितामा निहित अभिघातको अवस्थालाई प्रकाश पार्ने काम गरिएको छ। २०७२ सालको भूकम्पले सिर्जना गरेको त्रासदीय अवस्थालाई सङ्ग्रहका कविताको विषय बनाइएको छ। साहित्यका क्षेत्रमा उत्तरआधुनिकताभित्र विकास भएको एउटा महत्त्वपूर्ण सिद्धान्त अभिघात चेतना हो। नेपाली कविताको समकालीन धाराको उत्तरार्द्ध चरणमा सशक्त कविता लेख्ने गोविन्दराज भट्टराईले नेपाली वाङ्मयका विविध क्षेत्रमा कलम चलाएका छन्। पाश्चात्य दर्शन र चिन्तनलाई नेपाली पृष्ठभूमिमा व्याख्या गर्ने अनुकरणीय कार्य पनि भट्टराईले गरेका छन्। सिर्जना, समालोचनाका साथै दर्शन र अन्य विषयमा पनि यिनको कलम निरन्तर रूपमा चलेको छ। यिनका कवितामा मानवीय संवेदना र जीवनवादी स्वर सघन रूपमा मुखरित भएको पाइन्छ। जीवनका अभिघातजन्य पीडाहरूलाई नजिकैबाट छामेर प्रस्तुत गर्ने हुनाले पनि यिनका कविताहरू मार्मिक रहेका छन्। यस लेखमा अभिघात सिद्धान्तका सापेक्षमा भट्टराईको भूकम्प प्रार्थना (२०७७) कवितासङ्ग्रह भित्रका कविताहरूको अध्ययन र विश्लेषण गरिएको छ। यस सङ्ग्रहभित्रका कुल अठारवटा कवितामध्ये अधिकांश कवितामा भूकम्पको प्रहारबाट प्रताडित बनेको मानिसको निरीह अवस्थाको चित्रण गरिएको छ। यस अनुसन्धानमूलक लेखमा अभिघातपरक समालोचकीय मान्यताको सैद्धान्तिक स्वरूपलाई प्रस्तुत गरी त्यसैका आधारमा गोविन्दराज भट्टराईको भूकम्प प्रार्थना कवितासङ्ग्रहमा अभिघातको अवस्थाको के कस्तो रहेको छ भन्ने समस्यामा केन्द्रित रहेर यो लेख तयार पारिएको छ। विश्लेषणात्मक विधिको प्रयोग गरी कविताभित्र व्यक्त भएको अभिघातजन्य अवस्थाको खोजी र विश्लेषण गरी कुन रूपमा अभिघातको सिर्जना भएको छ भन्ने कुराको निष्कर्ष निकालिएको छ।*

**शब्दकुञ्जी :** बुलेटप्रुफ, ऐलान, अभिघात, शङ्कटावस्था।

# TRAUMA AWARENESS IN BHUKAMPA PRARTHANA POEMS COLLECTION

*Dr. Tanka Prasad Panth*

**Abstaract**

*In the presented article, the work of poet Govindaraj Bhattarai has been done to shed light on the situation of trauma contained in the poems within the poetry collection 'Bhukamp Parthana'. The tragic situation created by the earthquake of 2072 has been made the subject of poems in the collection. In the field of literature, an important theory developed within postmodernism is traumatic consciousness. Govindraj Bhattarai, who wrote powerful poetry in the latter half of the contemporary stream of Nepali poetry, has penned his pen in various fields of Nepali literature. Bhattarai has also done an exemplary job of explaining Western philosophy and thought in Nepali background. Along with creation, criticism, philosophy and other subjects, his pen has been continuously written. In his poetry, human sensibility and vitalist voice are expressed intensively. His poems are poignant because they depict the traumatic pains of life from close quarters. In this article, the poems in Bhattarai's collection of poems "Earthquake Prayer" (2077) have been studied and analyzed in relation to the theory of trauma. Out of the total eighteen poems in this collection, most of the poems depict the innocent condition of the people who are tormented by the earthquake. In this research article, presenting the theoretical form of critical recognition of trauma, based on that, this article has been prepared focusing on the problem of what is the state of trauma in Govindaraj Bhattarai's earthquake prayer poetry collection. Using the analytical method, the traumatic situation expressed in the poem has been searched and analyzed, and the conclusion has been drawn as to how the trauma has been created.*

**Keywords:** bulletproof, declaration, shock, suspense.

## विषयपरिचय

साहित्यकार गोविन्दराज भट्टराई बहुआयामिक व्यक्तित्वका धनी प्रतिभाका रूपमा परिचित छन् । सिर्जना र समालोचनाका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका भट्टराईको लेखन विविध विधामा सबल रहेको छ । अङ्ग्रेजी तथा नेपाली भाषाका क्षेत्रमा यिनको साधना अनवरत रूपमा चलेको छ । दर्जनौँ कृतिका लेखक भट्टराईको कलम कविताका क्षेत्रमा पनि सशक्त रूपमा चलेको छ । २०७१ सालमा यिनको *एक कल्प* कवितासङ्ग्रह प्रकाशित भएको हो । २०७२ सालमा आएको विनाशकारी भूकम्प र त्यसले निम्त्याएको त्रासदीय अवस्थालाई केन्द्रित गरी *भूकम्प प्रार्थना* शीर्षकको कवितासङ्ग्रह २०७७ सालमा प्रकाशनमा आएको छ । मानवीय जीवनका सूक्ष्मभन्दा सूक्ष्म कुरालाई पक्रेर भावनामा गाल्ने हुनाले यिनका कवितामा मानवीय

संवेदना जीवन्त रूपमा मुखरित भएको पाइन्छ । वास्तवमा भन्दा कारयित्री अनि भावयित्री दुवै प्रतिभाको संगम साहित्यकार गोविन्दराज भट्टराईमा पाउन सकिन्छ । यिनको समालोचकीय कर्ममा सिर्जनात्मक चेतका साथमा निजात्मक अनुभूतिको छाप पाइन्छ । यसै गरी सिर्जनात्मक कृतिमा समालोचकीय चेतना प्रवाहित भएर आएको पाइन्छ ।

प्रस्तुत कवितासङ्ग्रह २०७७ सालमा ओरिएन्टल पब्लिकेसनद्वारा प्रकाशनमा आएको हो । यस सङ्ग्रहमा जम्मा अठारवटा कविताहरू समेटिएका छन् । २०७२ साल वैशाख २२ गतेदेखि २०७२ साल श्रावण ९ गतेसम्म लेखिएका कविताहरू यहाँ सङ्कलित गरिएको छ । केही कविताहरू फुटकर रूपमा पत्रिकाहरूमा प्रकाशित भएको पनि सङ्केत पनि पाइन्छ । भावनाको सूक्ष्मतम अनुभूतिलाई पक्रेर कविता लेख्ने गोविन्दराज भट्टराईका यी कविताहरूमा मानवीय संवेदनाका साथमा जीवन चेतना चुलिएर आएको देख्न सकिन्छ । मानवीय जीवनका अभिघातमय अवस्थालाई सजीव रूपमा उतार्न सक्नु पनि कवि भट्टराईको सामर्थ्य मान्न सकिन्छ । भूकम्पको प्रहारबाट भयभीत बनेको मनोदशाको मार्मिक चित्रण गरिएकाले यहाँ अभिघात चेतना प्रबल बनेर आएको पाइन्छ । मानिसमा रहेको दम्भ र अभिमानलाई कटाक्षपूर्ण रूपमा झल्काई दैवी विपत्ती र प्रकोपका अगाडि शक्तिशाली ठानिएको मानव निरीह बनेको कुरा यहाँ मुखरित भएको छ । पृथ्वीको पटकपटकको कम्पनमा थरिकम्प बनेको मानिसको अवस्थालाई अध्ययन गर्न अभिघात सिद्धान्त नै अनुकूल रहेको देखिन्छ । प्रस्तुत कवितासङ्ग्रहलाई मानवीय अस्तित्व, पर्यावरणीय चेतना जस्ता सन्दर्भबाट अध्ययन गर्न सकिने भए पनि प्रस्तुत सङ्ग्रहका कवितामा प्रयुक्त अभिघातको पहिचान तथा कविताको मूल्य निरूपण गर्नु नै प्रस्तुत अनुसन्धानमूलक लेखको क्षेत्र र सीमा रहेको छ । खास गरी अभिघातमूलक समस्या, उद्देश्य, औचित्य र सीमामा केन्द्रित रहेर भूकम्प प्रार्थना कवितासङ्ग्रहका कविताहरूलाई अभिघात सिद्धान्तको पृष्ठभूमिमा विश्लेशण गरी मूल्यनिरूपण गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानमूलक लेख गोविन्दराज भट्टराईको भूकम्प प्रार्थना कवितासङ्ग्रहको अध्ययनमा आधारित रहेको छ । यस कवितासङ्ग्रहलाई उत्तरआधुनिक समालोचनाको महत्त्वपूर्ण प्रवृत्तिका रूपमा रहेको अभिघातपरक सिद्धान्तका पृष्ठभूमिमा अध्ययन तथा विश्लेषण गरी निष्कर्ष निकाल्नका निमित्त अनुसन्धानको आधारभूत सामग्रीका रूपमा भट्टराईको भूकम्प प्रार्थना कवितासङ्ग्रहलाई लिइएको छ । प्रस्तुत अध्ययनलाई अगाडि बढाउन पुस्तकालयको उपयोग गरी द्वितीय स्रोतका सन्दर्भसामग्रीहरूको प्रयोग गरी अभिघातको सैद्धान्तिक पृष्ठभूमि निर्माण गरिएको छ । प्राकृतिक तथा दैवी प्रकोपबाट हुने भौतिक तथा मानवीय क्षतिले निम्त्याएको त्रास र भयको मानसिकतालाई अभिघातका आधारमा अध्ययन गर्न सकिने हुँदा विश्लेष्य कृतिमा पटकपटकको भूकम्पको प्रहारबाट भयभीत मानसिक चोट तथा प्रहारको अवस्थालाई विश्लेषण विधिमा आधारित भएर अध्ययन गर्ने काम गरिएको छ ।

## अभिघातको सैद्धान्तिक आधार

आधुनिकताको समयपछि दर्शन चिन्तन र साहित्यका क्षेत्रमा उत्तरआधुनिकता भित्रिएको हो । द्वितीय विश्वयुद्ध पछाडि आएर पाश्चात्य दर्शन र चिन्तनका क्षेत्रमा नवीन अवधारणाहरू विकास भएको पाइन्छ । यसको प्रत्यक्ष प्रभाव साहित्य समालोचनामा पनि पर्न गएको देखिन्छ । मूलतः पाश्चात्य साहित्यजगतमा

१९६० पछि उत्तरआधुनिक चिन्तन भित्रिएको देखिन्छ। अनधुनिक मान्यतालाई भत्काएर नवीन मान्यताहरू बोकेरआएको उत्तरआधुनिकता सम्बन्धी चिन्तनभित्रको एउटा महत्त्वपूर्ण मान्यता अभिघात चिन्तन रहेको छ। 'घात' आधार पदमा 'अभि' उपसर्ग लागेर अभिघात शब्दको व्युत्पत्ति भएको हो। अभिघातको शाब्दिक अर्थ चोट वा प्रहार हो। अभिघातको प्रत्यक्ष असर मानव मनोविज्ञानमा पर्दछ। कुनै युद्धको प्रहार, प्राकृतिक विपत्ति आदिको अनुभव र सामना गर्ने कारक तत्त्व मानिसको मन नै हो। जीवन यापनका क्रममा मानसिक शङ्का, कर्कश व्यवहार, नियतिको वज्रपात, घातप्रतिघात, त्रासदीपूर्ण मृत्यु आदि कुराले मानिस मर्माहत बन्दछ। त्यही मर्ममा परेको चोट नै अभिघात हो (पन्थ, २०७७ : पृ. १५७)। मानिसका जीवनमा कुनै पनि घटना दुर्घटना आदिले गहिरो चोट पारेका हुन्छन्। त्यस्ता पीडादायी कष्टपूर्ण अनुभूतिहरूको अध्ययन गर्ने काम यसमा हुन्छ। अभिघात दैहिक र मानसिक दुवै हुन्छ, तर मनोविज्ञान र साहित्यमा मानसिक आघातलाई महत्त्व दिइएको हुन्छ। मृत्यु, अकाल मृत्यु, अपहत्ते, बिछोड, हरण, बलात्कार, विनाश, हानि, नृशंशता आदि शङ्कटावस्थामा परी भोक्ता वा द्रष्टा भएर असीम पीडाको बोध गरी व्यक्ति मानसिक रूपमा अभिघातित हुन्छ (शर्मा, २०६६ : पृ. ६२)। अभिघात वास्तवमा युद्धजन्य प्रहार र भयले सिर्जन ाग्रने मानसिक चोट हो। अभिघातले युद्धका कारण सिर्जना भएका त्रासदीय अवस्थालाई विश्लेषण गर्दछ। विश्वयुद्धको विभीषिकाको परिणाम स्वरूप पश्चिममा युद्धसाहित्य जन्मिएको हो। भय र आतङ्कबाट उत्पन्न हुने शारीरिक एवम् मानसिक विचलनका अनेक स्थितिहरू हुन्छन् र तिनै स्थितिलाई अभिघात शब्दले बोध गराउँछ (गौतम, २०६८ : पृ. १७६)। युद्धले निम्त्याउने भयका साथै जीवनका अनेक घातप्रतिघातका प्रहारको अध्ययन यसमा हुन्छ। मानिस प्राकृतिक रूपमा सिर्जित विनाशबाट आतङ्कित रहेको छ। शताब्दियौँ अघि गरिएका आणविक विष्पोटनका कारण प्रदूषित बनेको पर्यावरणको प्रभाव आज र अझै कति शताब्दी पछिसम्म पनि जैविक वनस्पति र प्राणीहरूमा आङ्गिक विकलाङ्गताको परम्परा व्यहोरेर जन्मिनु पर्ने स्थितिको श्वाश्वत् भय पनि आजका युगले अत्यन्त पीडादायक अवस्थामा भोग्नुपरेको अभिघात बनेको छ (सुवेदी, २०६८ : पृ. ८२)। युद्धले निम्त्याउने दूरगामी परिणाम र सधैँ भोग्नुपर्ने भय र पीडाको अवस्थालाई यहाँ महत्त्व दिइएको छ। एकातिर प्रकृतिमा आएको उथलपुथलले मानवलाई आतङ्कित गरिरहेछ। अर्कोतिर मानवले मानवकै विरुद्ध प्रयोग गर्ने हिंसाले गर्दा संसार झन्झन् असुरक्षित बन्दै गएको छ (उप्रेती, २०६८ : पृ. ३०७)। मानवीय असुरक्षाको प्रमुख कारण आज मानिस नै बनेको छ। मानिसकै दम्भ र उन्मादले गर्दा अहिले विश्वका साधारण नागरिकहरू भयग्रस्त जीवन बाँच्न विवश तुल्याइएका छन्।

अभिघात साहित्यले मानवीय मनमा परेको गहिरो घाउ तथा त्यसको पीडालाई अभिव्यक्तिको माध्यम बनाएको पाइन्छ। मानिसकै कारण आज प्रकृतिमा असन्तुलन सिर्जना भएको छ। प्राकृतिक रूपमा आउने विपदको आशङ्काले पनि मानिस भयमा बाँचेको छ। मानवीय पीडा व्यक्त भएको साहित्य अभिघात साहित्य हो। यस्तो साहित्यलाई अभिघात सिद्धान्तको समालोचनाले मात्र विश्लेषण गर्दछ। नेपालमा पनि दसवर्षसम्मको सशस्त्र द्वन्द्वजन्य परिणति स्वरूप यस्तो साहित्यको सिर्जना भएको छ (गौतम, २०६६ : पृ. ५५)। युद्धले थोपरेका पीडाका साथै जीवनमा सङ्कटापन्न उत्पन्न हुने कुनै पनि कुराको प्रहारको अवस्थालाई यसले अध्ययन गर्दछ। यसले कृतिमा चित्रित पात्रमा युद्धादिबाट उत्पन्न हुने सन्त्रासले के कस्तो आघात पुऱ्याएको छ भनेर हेर्नुका साथै कृतिमा वर्णित अभिघातका कारण र तत्जन्य परिणतिको पनि विश्लेषण गर्दछ। यसले पात्रका मनोजगत्को अभिघातका कारण उसमा देखिएका असामान्य कार्यकलापको

वर्णन गर्दछ (पौड्याल, २०७०, पृ. १२४)। यस्ता प्रतिकूलबाट मानिस भयभीत भई उसमा हुने एक प्रकारको त्रासलाई अभिघातले अध्ययन गर्दछ। जीवनमा आइलाग्ने कुनै पनि अनिष्ट वा त्यस्ता कुराले निम्त्याउने पीडाको कारण खोजी मानिसको अचेतनका तहसम्म पुग्ने काम यस प्रकृतिको अध्ययनले गर्दछ। प्रस्तुत लेख २०७२ सालको विनाशकारी भूकम्पको पीडाबोधको समयमा गोविन्दराज भट्टराईद्वारा लेखिएका कवितामा भूकम्पीय ताण्डवले निम्त्याएको अभिघातजन्य त्रासदीय अवस्थालाई के कसरी प्रतिबिम्बित गरिएको छ ? भन्ने मूल समस्यामा केन्द्रित रहेर अभिघात चेतनाका आधारमा गोविन्दराज भट्टराईको भूकम्प प्रार्थना कवितासङ्ग्रहको अध्ययन र विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ।

## भूकम्प प्रार्थनाभित्र प्रस्तुत अभिघात चेतना

साहित्यकार गोविन्दराज भट्टराईले यस कवितासङ्ग्रहका कवितामा अभिघातजन्य प्रहारको दशालाई मार्मिक रूपमा अभिव्यक्त गरेका छन्। भूकम्पको भयावहपूर्ण कोलाहलका समयमा लेखिएको भएकाले पनि यहाँ विसङ्गत जीवनको चित्र प्रतिबिम्बित भएर आएको पाइन्छ। कुनै कुराको प्रहारबाट मानिसले भयको सामना गर्न पुग्दछ। यस सङ्ग्रहका प्रायः कवितामा भूकम्पीय प्रहारको घाउले मर्माहत बनेको मानवीय अवस्थालाई झल्काइएकाले यहाँ अभिघातको अध्ययन अनुकूल भएर आएको पाइन्छ। यहाँ कवितासङ्ग्रहमा जोडिन आएका अभिघातपूर्ण सन्दर्भ र तिनको मर्मलाई प्रस्तुत गरिएको छ।

पहिलो क्रममा रहेको 'हान एक अर्को कोदालो हान' शीर्षकको कवितामा प्रकृतिमा आउने प्रलयकारी विध्वंस र त्यसले गर्ने क्षतिको मर्मलाई झल्काइएको छ।। भूइँचालोको प्रहारको पीडा भोगेका विभिन्न देशहरूको अवस्थाका साथै नेपालमा आएको १९९० को भूकम्प, त्यसपछिका कम्पहरूको अवस्था अनि २०७२ सालमा आएको विनाशकारी भूकम्पले गराएको क्षति, निम्त्याएको दयनीय अवस्थाको मार्मिक अभिव्यक्ति यहाँ पाउन सकिन्छ। सृष्टि जगतमै निरीह मानव अस्तित्व अनि कसैको खटनमा बाँच्नुपर्ने वा मर्नुपर्ने नियतिनिर्दिष्ट तारतम्यको संयोगका झलकहरू पनि प्रस्तुत कवितामा अभिव्यञ्जित भएको पाइन्छ। व्याजस्तुतिमय शैलीमा दैवीलीला र ताण्डवपूर्ण विनाशप्रतिको सघन विमतिभाव यहाँ झल्किएको छ। जीवनको क्षणभङ्गुरताका साथै भौतिक पदार्थ र पृथ्वीको पनि निश्चित आयु रहेको मर्मलाई यहाँ प्रकाश पारिएको छ। प्रलयकारी विनाशका सन्दर्भलाई झल्काउनुका साथै प्रकृतिमा आएको विनाशको लीलामय खेलको अवस्थालाई प्रकाश पार्ने क्रममा ईश्वरप्रतिको कटाक्ष यसरी प्रस्तुत भएको छ :

यो पृथ्वी दुरुरुरुरु..ड्याम्म गर्छ र त्यसपछि
चरर झरझर, घ्याकघुरुक, घ्याकघुरुक
ब्वाङ्ग, हुरुक हुरुक हुरुक गर्छ
एकछिन बिसाएर हेर
कति दराज खसे, टिभी ढले, पुस्तक पुरिए,
धानका भकारी, मकैका थाङ्ग्रा
तिम्रै सृष्टि उड्नै नजान्ने कुखुरा
दाम्लाका गाईवस्तु र भोका बाख्रा

हाम्रा दरबार ढले आलिसान महल र झुप्रा ढले

त्यसले नपुगेर अझै आगो झोस्छौ ज्वालामुखीको

पानी खन्याउँछौ सुनामी उचालेर

सम्झ हाइटीमा कसो गऱ्यौ !

इन्डोनेसियामा कसो गऱ्यौ !

तर हामी अवाक छौँ

तिमी एक महासामन्त रहेछौ

हान, आफ्ना बँगैचामा अनेक प्रहार कोदाला हान । (पृ. ४-५)

यहाँ प्रकृतिको विद्रुप अवस्थाले निम्त्याएको दुन्दुभिपूर्ण ताण्डव नृत्यलाई प्रस्तुत गरिएको छ । विश्वका विभिन्न ठाउँमा विभिन्न र रूप र प्रकृतिमा भएका प्रहारको सन्दर्भलाई यहाँ सूक्ष्म भावका साथमा झल्काइएको छ । निरीह मानिस र पशुपंक्षीहरूको अनाहकमा ज्यान जाने गरी हुने यस्ता प्रलयप्रतिको विमति पनि यहाँ मुखरित भएको देखिन्छ । प्रकृतिको एकपछि अर्को प्रहारबाट प्रताडित बनेका कवि व्याजस्तुतिमय शैलीका माध्यमबाट भय र आतङ्कमा बाँच्न विवश मानवीय अवस्थालाई अभिव्यक्त गरेका छन् ।

'म तिम्रै प्रार्थनामा थिएँ' कवितामा भूकम्पले मच्चाएको त्रासदीय भावलाई मसिनो गरी समेटिएको छ । मानिसले सजाएका सपना अनि जीवनमोहका भावनामाथि बुट बजारेर हुने प्राकृतिक विपत्तिले धनी गरिब सबैलाई एउटै त्रिपालमुनि ल्याएको वास्तविकतालाई उठान गरी यस्तो विपद पर्दा सबै समान रहेको मर्मस्वरूप वास्तविक साम्यवादको छाया यहाँ पाइने विचार प्रस्तुत भएको छ । पृथ्वीको कम्पनको झट्काले ल्याएको कोलाहल पूर्ण अवस्थाको अनुभूतिलाई कोक्रामा झैँ हल्लाएर सबैलाई थर्कमान बनायौ भनी कवि यस्तो विचार व्यक्त गर्दछन् :

तिमीले यो सृष्टिको आदिम

कोक्रामा हालेर हामीलाई

एकैछिन हल्लायौ

तर झड्का धेर भो प्रभु !

हामीलाई ज्यादा रिँगाटा चल्यो

त्यसैले कहालिएका आत्तिएका छौँ

रुँदै कराइरहेका छौँ

छोड्देउ अब छोडदेऊ । (पृ. १०)

यहाँ भूकम्पको प्रहारबाट प्रताडित बनेका मानिसको भयभीत मनोविज्ञानलाई झल्काइएको छ । अब अति भयो हाम्रो प्रार्थना सुन भनी आग्रहका साथ व्याजस्तुतिमय शैलीमा भूकम्पीय पीडाको करुण पुकार यहाँ अभिव्यक्त भएको छ । प्राकृतिक प्रकोपको भयानक प्रहारबाट अत्तालिएको निरीह मानवको अवस्थालाई यहाँ प्रस्तुत गरिएको छ । मानवीय वेदनाको सजीव चित्र प्रस्तुत गरिएकाले यहाँ अभिघातजन्य चोटको पीडालाई

यहाँ झल्काइएको छ । भूकम्पको समयको डर, त्रास र कहालीलाग्दो परिस्थितिलाई जीवन्त रूपमा उतार्ने काम यहाँ भएको छ ।

'फर्क अब यताको गुँडमा फर्क' शीर्षकको कवितामा भूकम्पको प्रलयकारी प्रहारबाट पीडित मानिसहरू जो काठमाडौँ छाडेर बाहिरिए, तिनीहरूको अनुपस्थितिमा सहर नै शून्य र मरुस्थलतुल्य भएको मर्मसँगै विरक्तिएको कविमनको सूक्ष्म चिन्तन पनि यहाँ मुखरित भएर आएको देख्न सकिन्छ । काठमाडौँमा बस्दै आएका मानिसहरू एकाएक सहर छाडेर गएपछि मूर्दासमान बनेको सहरमा फर्किएर त्राण दिनका लागि आह्वान गरिएको छ । भूकम्पपछिको सहरिया परिवेशको कहालीलाग्दो अवस्थालाई यहाँ सूक्ष्म रूपमा केलाउने काम पनि गरिएको छ । भूकम्पको त्रासबाट मानिस कर्मथलो छाडेर हिँडेको मार्मिक यथार्थलाई अध्ययन गर्दा यहाँ भयग्रस्त मानसिकतासँगै अभिघातको ज्वलन्त प्रस्तुति पाउन सकिन्छ । भूकम्पको प्रहारको पीडादायी अवस्थालाई यसरी प्रस्तुत गरिएको छ :

सातो हराएको काठमाडौँमा
सातो हराएका हामी
तिमीलाई नै पर्खिरहेका छौँ
भूकम्पमा राहत दिनुपर्ने गन्जी कट्टु
ज्याकेट अथवा बिर्के टोपी सिलाउनुपर्ने
तर कुनै कालीगढ छैन यहाँ
भत्केका गाराभित्ता टाल्नुपर्ने
तर कुनै मिस्त्री छैनन् यहाँ । (पृ. १५)

काठमाडौँको सातो गएका बेला तिमीहरू कहाँ गयौ ? सातो फुक्न आऊ, सातो हराएका हामीहरू तिम्रै प्रतीक्षा गरेका छौँ भनी काठमाडौँबाट बाहिर गएका सबै मानिसलाई आमन्त्रण गरिएको छ । भूकम्पको प्रहारबाट क्षतविक्षत भएका संरचना र भत्किएका मानवीय मनलाई मल्हमपट्टी लगाउन आऊ भन्नुले यहाँ अभिघातको सघन प्रभाव भेट्न सकिन्छ । मानव शून्य बनेको काठमाडौँमा आ-आफ्ना कर्म गरी सहरलाई गुल्जार बनाएका मानिसहरूको अनुपस्थितिमा कवि स्वयं अभिघातित बनेको झलक यहाँ प्रस्तुत भएको छ ।

'नछोड आज पनि गहुँ काट्न नछोड' कवितामा एकातिर भूकम्पको विनाश र त्यसको चोटको सघन प्रस्तुति पाइन्छ । इतिहासका कालखण्डमा मानव सभ्यताले झेलेको निरन्तरको विनाशकारी प्रहार तथा त्यस्ता घाउहरूलाई भुल्दै गएर सामान्य अवस्थामा फर्किनुपर्ने यथार्थलाई प्रकाश पारिएको छ । विश्वसभ्यताका धरोहरहरू प्राकृतिक विपत्तिका कारण विनाश हुँदै गएको र तिनको पुनर्निर्माण हुँदै गएको यथार्थलाई पनि यहाँ सङ्केत गरिएको छ । एकाति कविभित्र आशावादी चेतना सल्बलाएको छ भने अर्कोतिर भर्खरैका आला घाउका बिर्सिनसकिने खाटाहरूले कविलाई पिरोलेको देखिन्छ । प्रकृतिले निम्त्याएका विविध ताण्डवीय रूपलाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

कहिले हुरीले भत्कायो र आँधीले उडायो
धर्ती बगाउने पहिरा

आकाश उम्लिएर उचालिने समुद्री छाल
गर्भगृहबाट उठेका अग्निका लप्का
खरानी धुवाँ र लाभाका नदी
अनि प्रलयङ्कारी भूकम्पहरू,
त्यसो त मानिस आफैँ पनि
प्रलय उत्पन्न गर्छ, जब ऊ
फुर्सदको समयमा गहुँ काट्न छोडेर
बन्दुक भिरी हिँड्छ । (पृ. १९)

मानव सृष्टिमा प्रकृति देवीकै विद्रुप आतङ्क र निरन्तरको प्रहारलाई सहँदै आएको मानवीय अवस्थालाई यहाँ मार्मिक रूपमा व्यक्त गरिएको छ। प्रकृतिमा हुने भूकम्प, ज्वालामुखी, आगजनी, बाढीपहिरो, हावाहुरी आदि प्रलयकारी घटनाले मानिसलाई प्रताडित गरेको यथार्थका साथमा चोट र पीडा सहेर बाँच्न विवश मानिसको निरीह अवस्थालाई यहाँ प्रस्तुत गरिएको छ। विभिन्न अभाव र प्रतिकूलतामा बाँचेकाहरूको नियति अनि निरीह मानिसको अवस्थाप्रतिको कविसंवेदना पनि छताछुल्ल भएर पोखिएको देख्न सकिन्छ। यस्तै मानिस पनि स्वयं प्रलय र आतङ्कपूर्ण चोटको कारक रहेको मर्मका साथमा अभिघातको सजीव अवस्था प्रस्तुत भएको छ। मानिसका वीभत्सपूर्ण कृत्य र त्यसले निम्त्याएको सन्त्रासजन्य अवस्थालाई कटाक्षपूर्ण शैलीमा व्यक्त गरिएको छ।

'आज पनि कीर्तिपुरमा उज्यालो भयो' शीर्षकको कवितामा २०७२ साल वैशाख २९ गतेको दोस्रो भयावह कम्पनले सिर्जना गरेका तरङ्गहरू यहाँ प्रतिबिम्बित भएर आएको पाइन्छ। ठूलो धामीले चमत्कारपूर्ण शैलीमा प्रस्तुत गरेको कम्पनको सांस्कृतिक बिम्बद्वारा धर्तीको कम्पनको प्रकृति र त्यसको नियन्ता वा सञ्चालकप्रतिको आग्रहभाव पनि यहाँ अभिव्यक्त भएर आएको पाइन्छ। मृत्युदण्डको मुखमा पुऱ्याइएको कैदीलाई पनि अन्तिम इच्छा सोधिन्छ तर आफ्नो अन्तिम इच्छासमेत बोल्न नपाई क्षणभरमै मृत्युका मुखमा पर्नुपर्ने दैवीय लेखाका साथमा सिर्जित भयको मनोविज्ञान पनि सूक्ष्म रूपमा प्रस्तुत भएको देखिन्छ। प्रकृतिको ताण्डवमय भयभीत दृश्यलाई यसरी प्रस्तुत गरिएको छ :

आधी मिनेट पृथ्वीमा विध्वंस नाच्यो
नाच्यो कस्तो डरलाग्दो ताण्डव नृत्य प्रलयको
मनको होस हरायो शरीर कामेको काम्यै
ठेगान छैन म के गर्दैछु
तर पनि भनेँ नभाग तिमीहरू नभाग
अस्ति नै धेरै घर सिंगै उत्तानो परेका छन्
घोप्टिएका धस्सिएका धुलिएका छन्
बाँकी लड्न तयार छन्

भाग्ने ठाउँ कहाँ छ र
सबैतिर मृत्युले उत्सव गरेको बेला
निर्माताले ठूलाठूला झाँकी नचाएको बेला । (पृ. २४)

मानिसको मृत्युको कारण र त्यससँग जोडिएको त्रासको सङ्कटावस्थाका कारण यहाँ अभिघातको सशक्त मर्म यहाँ प्रस्तुत भएको छ। मनले सबै कुरा सकेर मृत्युको नजिकबाट साक्षात्कार गरेको सजीव अनुभूति यहाँ प्रतिबिम्बित भएको छ। सर्वशक्तिमान विजुवाको रौद्र रूपको झाँकीपछि कीर्तिपुरमा उज्यालो भएको सन्दर्भका साथमा प्रलयकारी अवस्थाबाट मुक्तिको सास फेर्न पाएको झिनो आशाको सङ्केत यहाँ देखिन्छ। सांस्कृतिक बिम्बका साथमा प्रकृतिको विद्रुप रूपको चित्रणद्वारा मानिसमा फैलिएको भय, आतङ्क र कोलाहलको अवस्थाका साथमा अभिघात अनुकूलको भाव यहाँ मुखरित भएको छ।

रातभरि सर्वत्र रोए कराएको सुनियो
राभरि शून्य हृदयले निरीह भावले
छटपटाइरह्यौँ, पर्खिरह्यौँ
खुला आकाशमुनिको चिसो जमिनमा
त्यसरी बाँचेको अभिनय गर्नुपर्दा
जीवनभरको आँसु पसिनाले रचेको
त्यो मन्दिरमै समाप्त हुन पाउँ जस्तो भयो
यहाँ पुरिइन्छ, त्यहाँ पनि त धर्ती चिरिन्छ
अनि हामी घरभित्र पस्यौँ
रातभरि कोठामा यसरी कामिरह्यौँ
बहिखाता सबै उसैलाई बुझाइसकेपछि ता
मन कति हलुङ्गो हुँदोरहेछ। (पृ. २६)

भूकम्पको पटकपटकको प्रहारले घरबाहिर बाँच्ने जिजीविषामा मनोद्वन्द्वमा रहेको जीवनको अन्यौलपूर्ण अवस्थालाई यहाँ प्रस्तुत गरिएको छ। मर्नु नै परे पनि आफ्नै जीवनको पसिनाले खडा गरेको घरभित्रै मर्ने चाहनालाई छाम्दा भयमिश्रित पीडाको भाव मुखरित भएको छ। रातभरि घरका परिवारले भोगेको सन्त्रासमय अवस्थाको सजीव प्रस्तुतिसँगै अभिघात अनुकूल भएर आएको छ।

'अर्थात् अब विलाप बन्द गर' शीर्षकको कवितामा भूकम्पको गहिरो चोटका साथमा निर्माणका स्वरहरू प्रतिबिम्बित भएर आएको पाइन्छ। मक्किएका, पुराना भएका र आफै भत्काउनुपर्ने संरचनाहरू भत्किए पनि मानिस मानसिक रूपमा कति हतास र भयभीत छ भन्ने कुरा यहाँ सूक्ष्म रूपमा मुखरित भएको छ। भौतिक वस्तुप्रतिको अतिमोहका कारण हामी भ्रममा भएकाले तीप्रति बढी चिन्ता गर्दछौँ। जीवनको क्षणभङ्गुरताको उद्‌घाटनका साथमा मानवीय मनमा गढेको सघन वेदनालाई यसरी प्रस्तुत गरिएको छ :

हाम्रा कति स्वजनलाई पनि
भयभित, आतङ्कित अवस्थामै लडायो, टिप्यो, लग्यो
यस्तै भएको छ सधैँ
को पो यहाँ बाँकी थियो र
एक आयु बाँच्न नाच्न हाँस्न पाए हुन्थ्यो
भन्ने छ तर कसको आयु कति
कसलाई थाहा छ र ?
मेरो लड्यो बग्यो भत्कियो
भन्ने भ्रान्तिहरू नै
यतिखेरका सबै चोट र आघातका
कारण बनेका छन्
कति मूर्छामा कति बेहोसमा छन्
बाबुआमा सबै छुट्नेहरू पनि छन्
छोराछोरीको पनि अन्तिम बाटो
त्यही होइन र ? (पृ. ३७)

मानिस भोलिका आशा सजाएर बाँच्न चाहन्छ तर प्रकृतिका पृष्ठभूमिमा हुने रौरवपूर्ण आतङ्क सहन मानिस विवश छ । सबै चोट र आघातको सामना गर्न मानिस विवश रहेको यथार्थका साथमा गहिरो प्रहारको मर्म यहाँ व्यक्त भएको पाइन्छ । भय, आतङ्क र त्रासमा बाँच्न बाध्य मानवीय अवस्थालाई झल्काइएकाले यहाँ अभिघातको अनुकूल अवस्था मुखरित भएर आएको पाइन्छ । भय र त्रासको अवस्थालाई झल्काउने क्रममा जीवनको वास्तविकताको बोध गर्न नसकेको मानिसको लघुतायुक्त चिन्तनलाई पनि यहाँ सङ्केत गरिएको छ ।

कति हाम्रा आफन्तहरू गए । जानु त एक दिन सबैले हो तर एक आयु बाँच्न पाए हुने भन्ने इच्छा सबैमा रहेको हुन्छ तर शोक गर्नु व्यर्थ छ भन्ने विचार यहाँ व्यक्त भएको छ । मास्टर बिल्डरको बिम्बलाई झल्काई आजको मानिसले पनि मास्टर बिल्डरकै नियति भोगेको यथार्थलाई यहाँ झल्काइएको छ । हामीले प्रकृतिमाथि अति दोहन गरेकाले असह्य भएर प्रकृति क्रुद्ध भई सारा विनाश निम्त्याएकी हुन् भन्ने मर्म पनि यहाँ मुखरित भएको छ । भत्किएका सम्पदाहरू निर्माण भई जीवन लयमै फकिन्छ भन्ने अभिप्रायका साथमा आशावादी भाव यहाँ मुखरित भएको छ ।

आज आतङकको दिनमा तिमी एक्लिएका छौ
एक्लै घोप्टिएका छौ
शोकले गलेर लडेका बेला

मन्दिर देवल गजूर पाटी धारा दरबार

सबै सबै ढले तापनि

त्यसरी विह्वल नबन यो सृष्टिमा

प्रत्येकको आफ्नै आयु हुन्छ

पुराना ढुंगामाटा चुनासुर्किको पनि कति हुन्छ ? (पृ. ४०)

प्राकृतिक सम्पदाहरू अनि मानवीय क्षतिको विद्रुप अवस्थालाई यहाँ झल्काउने काम गरिएको छ। सबै कुरा क्षणभङ्गुर छन् भनेर जान्दाजान्दै पनि जीवन निष्कृय रहन सक्दैन भन्ने दार्शनिक विचार यहाँ अभिव्यक्त भएको छ। यथार्थ धरातलमा उभिएर हेर्दा दुःखका बेलमा मानिस निरीह र एक्लो भएको वास्तविकतालाई यहाँ सङ्केत गरिएको छ। विपत्तिका बेलामा मानवीय आशा मर्न दिनुहुँदैन भन्ने सन्देश पनि यहाँ प्रवाहित भएको छ।

'सोध न पिङ्की उतातिरका आइमाईलाई कति बेला त्यो आउँछ भन्दैछन्' शीर्षकको कवितामा काठमाडौँका महलधारी सम्भ्रान्तहरूको भयग्रस्त मनोविज्ञान र अचेतनको आग्रहलाई चित्रण गरिएको छ। काठमाडौँको विकास र सबैलाई आकर्षण गर्ने प्रवृत्ति राम्रो भए पनि प्राकृतिक विपत्तिका बेला मानिसहरू सन्त्रासमा बाँचेको यथार्थ अवस्थालाई यसरी झल्काइएको छ :

९० साल दोहोरिए पनि केही छैन

शहरमा पनि घर लड्नेहरू जति मुक्त भइसके

नलड्नेहरू मात्रै चिन्ता भय र शोकमा छन्

घर लडेर होइन

तर अझै ठाडै उभिएको देख्दा उनीहरू

भयंकर चिन्तामा छन्

तीन तला,चार तला,पाँच तला..सात तला

कतिकतिका अझै उभिएका छन्

अर्को झट्कामा उत्तरको बाङ्गो भवनले हान्ने हो कि

छिमेकीको एकतलेमा मेरो बजारिने हो कि

तलको थोत्रो घरले पो तान्ने हो कि ? (पृ. ४४)

भूकम्पको झट्काले केही घर भत्किएको अवस्था अनि केही घरहरू ठाडै रहेको अवस्थामा पालभित्र बसेका मानिसहरूको भय, चिन्ता र सम्भावित दुर्घटनाको त्रासदीय कल्पना यहाँ सूक्ष्म रूपमा व्यक्त भएको पाइन्छ। मानवीय छुद्र प्रवृत्तिको झलकसँगै धनी व्यक्तिभित्रको अभिमान र दम्भको मनोविज्ञान पनि यहाँ प्रस्तुत गरिएको छ। एकपछि अर्को प्रहारको संशयमा पिरोलिएका मानिसहरूको भय मिश्रित चिन्ताभावलाई यहाँ प्रस्तुत गरिएकाले यहाँ अभिघातको अनुकूल परिस्थिति स्पष्ट देखिन्छ।

९० सालको भूकम्पको पृष्ठभूमिमा त्यही बार, तिथि र जोग पारेर फेरि ठूलो भूकम्प आउने हल्लाको मनोविज्ञानले फिलिपलाई सताएको छ । सुगर र प्रेसरको बिरामी फिलिप आफ्नो शरीर काम्दै गएकाले घर हल्लिन थालेको भ्रममा पर्छ । श्रीमती पिङ्कीलाई कतिबेला आउँछ भनी अरू आइमाईलाई सोध्न पठाउँछ । यहाँ भयमा बाँचेको मानवीय मनको सूक्ष्म विश्लेषण गरिएको छ । एकपटक मर्नै पर्ने जीवनमा मानिस मृत्युप्रति कति संवेदनशील छ भन्ने यथार्थलाई यहाँ प्रकाश पारिएको छ । फिलिपभित्र मडारिएको भय अनि शङ्काको अवस्थालाई यसरी प्रस्तुत गरिएको छ :

अस्ति नै यो घर चिरिएको भए
एक व्यवस्था भइसक्थ्यो
यो शनिबार ठूलो अनिष्ट परेको छ भन्थे त्यो टर्‍यो
आइतबार राति दश बजेसम्म चनाखो हुनु भन्थे
त्यो पनि अब टरिसक्यो
ससाना झट्का ता जति आए पनि के भो
ठूलाठूला रिक्टरको पो कुरा गरेको
आज त सोमबारे औँसी पनि हो
आजैको दिन हो ९० साल कामेको
भन्थे, मध्य दिउँसो, खाजा खाने बेला हुँदै थियो
सबै भन्दैछन् आज सूर्जेभरि खतरा छ
आजको टर्‍यो भने
फेरि भोलि पनि छ अर्को खरो बार
यसपालि पहिलो शनिबार हान्यो
दोस्रो मंगलबार हान्यो, भोलि तेस्रो मंगलबार छ
होसियार ! शनि र मंगलमा सबै चनाखो रहनू । (पृ. ४९-५०)

१९९० सालको विनाशकारी भूकम्प गएको तिथि र बार पारेर ठूलाठूला कम्पनहरू आउने हल्ला र आशंकाको भयग्रस्त मनोविज्ञानको यहाँ चित्रण भएको छ । डर र त्रासको मानसिक संवेदनालाई सूक्ष्म रूपमा प्रकाश पारिएकाले यहाँ अभिघातको मार्मिक अवस्थालाई देख्न सकिन्छ । मानिसभित्रको डर र संवेगलाई सूक्ष्म रूपमा बाहिर ल्याउने काम यहाँ गरिएको छ ।

'भयो यो धर्तीको सङ्गीत स्विचअफ गरिदेऊ' शीर्षकको कवितामा भूकम्पको कम्पनलाई धर्तीकै सङ्गीतको प्रतीकका रूपमा सङ्केत गरिएको छ । प्रलयका बेला प्राणी तथा वनस्पतिले देखाउने प्रतिक्रियाका सन्दर्भमा मानिसको निरीह अवस्थालाई पनि यहाँ उल्लेख गरिएको छ । यस्तो प्रलय निम्त्याउने मृत्युन्मुख नृत्यलाई बन्द गर्न आग्रह गरिएको छ । प्रकृतिको ताण्डवीय उत्पातलाई यसरी प्रस्तुत गरिएको छ :

लौ पुग्यो धर्तीको यस्तो संगीत बन्द गर
यो त मृत्युको नाच हो
दिस इअरि डान्स अव् डेथ
ड्याम्म ! ड्याम् ठूलो नगरामा हिर्काएर
थरर थरर थरर नाच्तै स्वाँई स्वाँई स्वाँई
यस्तो प्रलयको म्युजिक नबजाइदेऊ न !
दर्शकहरू आत्तिएर मूर्छा परेका छन्
किन यस्तो कडा मयुजिक बारबार बजाउँछौ ?
किन सिर्जनाको यस्तो अग्गेठ दन्काइरहन्छौ ? (पृ. ५४)

प्रतीकात्मक रूपमा भूकम्पको प्रहारलाई अभिव्यक्त गरिएको यस कवितामा मानवीय करुण आवाज ध्वनित भएको पाइन्छ । ईश्वरीय शक्तिसँगको पुकाराका साथमा गहिरो मानवीय चोट र आर्तनाद प्रस्तुत भएकाले अभिघातको सघन प्रभाव पाउन सकिन्छ । प्रकृतिनिसृत आगोले डढाएर ध्वस्त पार्ने प्रवृत्तिलाई पनि यहाँ व्यक्त गरिएको छ । जस्तोसुकै भय र आतङ्क आए पनि सहनुको विकल्प नभएको र विध्वंसलाई सहन विवश र निरीह मानवको अवस्थालाई यसरी सङ्केत गरिएको छ :

नभाग जब पृथ्वीले
यो भोटे कुकुरको साङ्लो खोलिदिन्छिन्
आत्तिएर बौलाएर यसले विध्वंस गर्छ
नभाग, भाग्नेलाई यसले
ठाउँको ठाउँ कड्याप्पै पार्छ
हेर यसपलि कति बितेका छन्
कति लुकेका
कतिकति छुटेका पनि छन्
भयो, धर्तीको संगीत स्विच अफ गरिदेऊ
अब ता । (पृ. ५५)

प्रकृतिको विनाशकारी आक्रमणबाट डराएर कहाँ जाने ? विपत्ति आइलागेका बेलामा भागेर समस्याको समाधान नहुने कुरा यहाँ अभिव्यक्त भएको छ । प्रलयको ववण्डर नमच्चाऊ भन्ने आग्रहका साथमा अभिघातको सशक्त अनुभूति प्रकट भएको देख्न सकिँछ । भूकम्पको सम्भावित आशङ्काले प्रताडित बनेका मानिसको यथार्थ अवस्थालाई भयग्रस्त मनोविज्ञानका पृष्ठभूमिमा चिरफार गर्ने काम पनि यहाँ भएको छ ।

'सुनौलो घामले बुट्टा कोरेको' शीर्षकको कवितामा भूकम्पको त्रासदीले पढाएको पाठसँगै बदलिएको मानसिकताको झलक पनि प्रस्तुत भएको पाइन्छ । मानवीय दम्भ र तुजूक हेर्न लायक भएको यथार्थको अभिव्यक्ति यहाँ पाइन्छ । अरूलाई परपीडा दिनेहरूलाई प्रकृतिले सबक सिकाएको मार्मिक अभिव्यक्तिका

साथमा भय र त्रासको अवस्थालाई व्यक्त गरिएको छ । यस पृथ्वीमा सबै मानिसको समान अधिकार भएको कविको विचार पनि भित्री रूपमा मुखरित भएर आएको छ । भूकम्पले राम्रै पाठ पढाएर गएको सन्दर्भलाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

आवाज चिच्याउनेहरूले आफ्नै कोठामा गर्नू
किन अरूलाई दम्भ सुनाउनु
गगनचुम्बीमा उचालिनेहरूले भुइँतिर हेर्नू
किन रातदिन घाम छेलेर
आकाशै छेड्न खोज्नू !
यसपालि त देख्यौ होला
अरूको घाम छेल्नेहरू
आफ्नै जीवनको घाम छेलिएको । (पृ. ५८)

मानिसको रवाफपूर्ण मनोविज्ञानलाई चित्रण गर्नुका साथै धनी र सम्भ्रान्तहरूलाई पनि भूकम्पले बाटामा ल्याएको मार्मिक सन्दर्भ यहाँ व्यक्त भएको छ । हिजो गरिबलाई कुनै वास्ता नगर्नेहरू जो धनको दम्भ देखाएर अपमान गर्नेहरू पनि त्रिपालमा खुम्चिनुपरेको यथार्थलाई झल्काई समानताको सन्देश प्रवाहित गरिएको छ । सबैको वास्तविक धरातल एउटै रहेको अभिप्रायलाई पनि यहाँ प्रस्ट पारिएको छ । धनी र गरिबको विभेदका रेखा कोर्नेहरूप्रति मर्ममै प्रहार गरिएको छ । सबैले सामना गर्नुपरेको प्रकृतिक विपत्ति र त्यसले ल्याएको कारुणिक परिवेशलाई यहाँ सजीव रूपमा उठाइएको छ ।

'बुलेटप्रुफ ज्याकेटसँगै पुरिएको म' शीर्षकको कविताको पृष्ठभूमिमा ग्रिसेली मिथक पुराणको इकारस भन्ने पात्र जो शिल्पी भएका कारण जेलमा रहँदा पखेटा निर्माण गरी तिनै पखेटाका सहायताले उडेर जेलबाट भागेको सन्दर्भलाई उठाई आजका मानिसलाई सन्देश प्रवाहित गरिएको छ । मैनले जोडिएका पखेटा धेरैमाथि जाँदा सूर्यको तेजले पग्लिने खतरालाई बेप्रवाह गरी उड्दै जाँदा पखेटा पग्लिएर समुद्रको बीच भागमा खसी उसको मृत्यु भएको सन्दर्भद्वारा अहिलेका कुलीन मानिसहरू दम्भ देखाएर पचास तलाको घर बनाउने अनि आफ्नो औकात प्रदर्शन गर्ने चरित्रलाई यहाँ ध्वनित गरिएको छ । समाजमा धनी भई अरू समक्ष दम्भ देखाउनेहरूको हविगत भएको त्रासदीपूर्ण अवस्थालाई यहाँ झल्काइएको छ । बुलेटप्रुफ ज्याकेट भएकाले सुरक्षित छु भन्ने धाक लगाएको मानिस भूकम्पले भत्काएको क्षणभरमा पचास तलाको घरबाट जमिनमा झर्नुपरेको यथार्थका साथमा कति मानिसहरू घरभित्र पुरिएर मर्नुपरेको मार्मिक अवस्थालाई यहाँ प्रकाश पारिएको छ । पचास तला माथिबाट जमिनमा झरेर भग्नावशेषभित्र निसासिएको म पात्रको आत्मकथनका साथमा अभिघातको मार्मिक प्रस्तुति यसरी भएको छ :

म यो धूलोमाटोले पुरिएको छु
छड, इँटा, बीम, ढलानले छोपिएको छु
तिमी कहाँ छयौ हे जीवन सँगिनी ! ?

बालुवा र सिमेन्टको पर्वत कति गह्रौं,

मेरो बुलेटप्रुफ पनि

चेप्टियो कि क्या हो ?

तिमी त्यसपछि कहाँ के भयौ थाहा छैन

म त भग्नावशेष भित्रबाट बोल्दैछु । (पृ. ६६)

भूकम्पको प्रहारले गर्दा पचास तलाको दरबारबाट भुइँमा पछारिन पुगेको व्यक्तिको पीडा, भय र छट्पटीपूर्ण मन्त्रणाका साथमा अभिघात प्रतिबिम्बित भएर आएको छ। पचासौँ तला माथि बसेर आकासिएको गौरव गर्नेहरू पनि एक दिन भुइँमा झर्नुपर्ने वास्तवितालाई यहाँ प्रतिबिम्बित गरिएको छ। जीवको पीडादायी अवस्थालाई यहाँ मार्मिक रूपमा प्रस्तुत गरिएको छ ।

'पाटिले ऐलान गरेको छ, अबदेखि कसैले विलाप नगर्नू' कवितामा भूकम्प, बाढीपहिरो, आगजनी आदि जस्ता प्राकृतिक विपदको त्रासदीय अवस्थालाई कविताको विषय बनाइएको छ। भूकम्पपछि ताप्लेजुङमा गएको पहिरोले धनजनको ठूलो क्षति गरेको सन्दर्भलाई जोडी राजनीतिक कर्मीहरूले दिने गरेको आश्वासन र सान्त्वनालाई कटाक्षपूर्ण शैलीमा प्रस्तुत गरिएको छ ।

मध्यरातमा घरहरू चिर निद्रामै थिए

वनजंगल खर्कहरू

सुतेकै बेला हरिया बस्त्र फुकालेर

सबै उँधै घिसाऱ्यो

दाम्लामा उघ्राइरहेका भैँसी

गलेर निदाइरहेका गोरु

उज्यालो होला कि भन्दै

चनाखा भइसकेका भालेहरू

अचानक एकैचोटि टिपेर ठूलो प्रलयको

आवाजसँग गडङ्डङ् गडङ्डङ्

तम्मर काबेलीमा मिसाइदियो

बग्दैबग्दै सबै गाउँहरू

लिवाङ, सान्थाक्रा, खोक्लिङ

लिङतेप, रामदुवाली, थिङ्लाबू

गोला, हाङ्देवा, लेलेप

लिङखिम, सावादिन, सादेवा

इखाबू, नाङ्खोल्याङ, दोभान

अघिदेखि घिसार्दै तान्दै नदीमा चोबल्दै थियो
यसपालि सबै बगायो, नसके भगायो
त्यो सुन्दर धर्ती शोकमा छ सबै
सेतो कात्रो ओढेर बाँकी
गाउँ झोक्राइरहेको छ । (पृ ६९-७०)

भूकम्पपछि आएको घनघोर वर्षाले गाउँबस्ती बगाएर धनजनको क्षति भएको कारुणिक दशापूर्ण अवस्थाको चित्रणका साथमा अभिघात प्रबल बनेर आएको पाइन्छ । सारा गाउँ नै शोकमा रहेको अवस्थाबाट मानवीय जीवनको त्रासद पक्षलाई झल्काइएको स्पष्ट हुन्छ । भूइँचालो, पहिरो आदि जानुमा हाम्रो पार्टी जिम्मेवार छैन भन्ने जस्ता राजनीतिक पार्टीका कुरा अनि जनताको पीडामा संवेदना प्रकट गर्नुको सट्टा रङ्गीन तस्बिरमा समाचार सम्प्रेषण गर्न हतारिने पत्रकारिता जगत्प्रति पनि गम्भीर रूपमा व्यङ्ग्य प्रहार गरिएको छ । विचारको सूक्ष्मताका साथै अभिव्यक्तिमा व्याजस्तुतिमय शैलीको कारण कविता जीवन्त रहेको पाइन्छ ।

'यो मादक वर्षा पिएपछि अब के होला ?' शीर्षकको कवितामा प्रकृतिका काखमा हुने ताण्डवपूर्ण सङ्कटको अवस्थालाई व्यक्त गरिएको छ । भूकम्पले धाँजाधाँजा पारेको जमिनमा निरन्तर हुने वर्षाले फेरि कस्तो दशा निम्त्याउला भन्ने आशङ्काको भाव यहाँ अभिव्यक्त भएको छ । अविरल वर्षाले गर्दा भूकम्पले हल्लाएका ठाउँहरूको सम्भावित दुरावस्थाप्रतिको चिन्ताबोध प्रस्तुत कवितामा अभिव्यक्त भएर आएको पाइन्छ । मादक वर्षाको बिम्बद्वारा बेहोसी तालमा त्यसले निम्त्याउने अनिष्टपूर्ण परिणामलाई सङ्केत गरिएको पाइन्छ । भूकम्पको पीडा कायम रहेको र त्यसैमाथि वर्षाले पार्नसक्ने क्षति र मानवीय जीवनमा निम्त्याएको त्रासपूर्ण अवस्था प्रकट भएर आएको देखिन्छ । एकपछि अर्को गरी प्रकृतिमा आउने विपत्तिले मानिसलाई त्रस्त बनाएको अवस्थालाई यसरी चित्रण गरिएको छ :

अस्ति खसेका मुटु थर्काउने चट्याङ
आज कता पुगे
ती बिजुलीका त्रासद झिलिक र मिलिक
आकाशले कहाँ पो थन्क्याए होला
कालो कालो डरलाग्दो बादल यताबाट
उता उडेको छ फेरि
भूमरी भै बटारिएको, मुस्लिएको छ
तर्छेर सुत्न नसकी
मेघ गर्जन र वज्रपातमा जागै बस्यौँ
रातभरि कत्रा आँधीहरू चले
पालतम्बू कहाँ पुगेर सिउरिए, फ्याँकिए

शिविरका छानाहरू उड्दै उड्दै

पखेटा फिँजाएर आकाशभरि

कत्रो भयावह तमासा खपियो ! (पृ. ७६)

मानिसले भोगेको त्रासदीपूर्ण अवस्थाको सजीव चित्र यहाँ पाइन्छ। प्राकृतिक विपत्तीका अघि मानिसको निरीहतालाई यहाँ प्रस्तुत गरिएको छ। प्रकृतिको ताण्डव नृत्यका अगाडि बिचरो मानव के नै गर्न सक्छ र ? भयको तमासा हेरेर बस्नुपर्ने नियतिलाई यहाँ सघन रूपमा उतारिएको छ। रातभरि पालभित्र बसेर प्रकृतिको विनाशकारी लीलालाई टुलुटुलु हेर्न विवश मानिसको अवस्थालाई पनि यहाँ प्रस्तुत गरिएको छ। यहाँ प्राकृतिक प्रहारका कारण सिर्जित अभिघातीय अवस्थाको सग्लो चित्र प्रस्तुत भएर आएको पाइन्छ। प्रकृतिको भयानक प्रहारबाट प्रताडित मानवीय दशाको प्रस्तुतिका साथमा प्रतिकूल जीवनको अवस्थालाई झल्काइएको पाइन्छ।

टम जार्टद्वारा लिखित कवितालाई 'नेपालमा भूकम्प' शीर्षकद्वारा मानवीय संवेदनाको सजीव चित्र उतारिएको छ।  प्रस्तुत कवितामा पीडा, रोदन र आँसुलाई वास्तविक जीवनका भोगाइ मानिएको छ। आँसुका थोपाहरूलाई आफ्नै स्वर्गीय प्रियजनले पठाएका उपहारका रूपमा लिइएको छ। पीडाले जीवनमा सुध्रिनका लागि पाठ पढाउने हुनाले हाँसोभन्दा पीडा नै उत्तम रहेको मर्म यहाँ व्यक्त भएको पाइन्छ। ईश्वरले मानिसलाई रुनका लागि सृष्टि गरेको, सबैका आँखाबाट एक दिन समयले नै आँसु पुछ्नेछ। पीडामा हुर्किएको मानिसले मात्र अरूका पीडाको बोध गर्नसक्छ भन्ने भावका साथमा मानवीय सन्त्रास र मर्मको यथार्थ अभिव्यक्ति यहाँ पाइन्छ। सयौँ हन्डर र ठक्कर खाएर अगाडि बढ्नुपर्ने मर्मका साथमा जीवनबोधको अभिव्यक्ति यहाँ पाइन्छ।

'सधैँ आउने उनी आज किन अबेला भो' शीर्षकको कवितामा भूकम्पलाई मानवीकरण गरी अतिथिको संज्ञा दिइएको छ। तीन दिनसम्म विश्राम लिए तापनि पुनः भूकम्पको धक्का आउँछ कि भन्ने आशङ्का, द्विविधा अनि भयग्रस्त मानसिकतामा बाँचेका मानिसको अवस्थाको सजीव चित्र यहाँ प्रस्तुत गरिएको छ। लगातार आगमनको थकाइले गर्दा कतै सुस्ताउँदै होला, आए त क्रुद्ध रूपमै आउनुपर्ने जस्ता तर्कनाहरू पनि यहाँ सल्बलाएको देख्न सकिन्छ। भय अनि आशङ्काको मानसिक दशालाई यसरी चित्रण गरिएको छ :

ठीक यतिबेला आयो भने कुन घरले

यो प्राण लिन्छ होला ?

यी वृक्ष उखेलिने हुन् कि

यो घर चिरिएको छ,

दुई कदम चाँडो कुधौँ कि

त्यसरी कुधेको अरूले देख्ने हुन् कि ?

राति ओछ्यान टक्टक्याउँदा

सिराने मिलाउँदा ब्यूँझेर कोल्टे फेर्दा

दाँत माझ्दा अथवा

अझ धाराको पानीले बाल्टी हिर्काउँदा
झझल्को सधैँ आएको जस्तो
कस्तो अभिन्न अतिथि
तीन दिन तीन रात बितिसके
अझै फर्केको छैन । (पृ. ८५)

क्षणक्षणमा भूकम्प आउँछ कि भनी त्रास र आशङ्कामा रहेको मनोदशालाई यहाँ सजीव रूपमा चित्रण गरिएको छ । भूकम्पको आगमनको हल्लाले मानिसका मनमा जन्माएको त्रासदीय अवस्थालाई यहाँ मार्मिक रूपमा उठाइएको छ । सङ्कटको अवस्थामा मानिसका मनमा सिर्जना हुने द्विवधापूर्ण मनोदशालाई पनि यहाँ सूक्ष्म रूपमा विश्लेषण गरिएको छ । भूकम्प आउँछ कि भन्ने मनोवैज्ञानिक त्रासको सजीव चित्र यहाँ उतारिएको छ ।

'ठूलो व्यागप्याक बोकेर जब भाइ ओर्लिन्छन्' शीर्षकको कवितामा भाइको जन्म सन्दर्भ, आमाले भोगेका कष्टदायी क्षण, जन्मपछिको सामीप्यता, बाबाकै अवतारका रूपमा भाइको उपस्थितिलाई लिइएको, भाइ सुकर्म टोलको ओरालो झर्दा बा आएकै छनक हुने अनुभूति, नेपालमा भूकम्पले पारेको क्षति ट्विटरमा देखेर फोन गरेका भाइसँगको संवादात्मक झलकमा भूकम्पीय प्रभावका बाछिटाहरूका साथै जीवनको बास्तविक अनुभूति प्रवाह यहाँ सघन भएर आएको पाइन्छ । यहाँ भूकम्पले छाडेको भयग्रस्त अवस्थाको सन्दर्भका कारण अभिघातजन्य परिस्थिति प्रस्तुत भएको पाइन्छ । भूकम्पले पारेको गहिरो चोटको खाटा यहाँ अनुर्भूा तगर्न सकिन्छ ।

'कि त आज घरमा कोही मानिस छैन ?' शीर्षकको कवितामा विज्ञान र प्रविधिले बदलिएको संसारको झलक प्रस्तुत गरिएको छ। परिवारका सदस्यहरू घरभित्रै भए पनि सम्वादहीनता र अपनत्व अभावको अनुभूति यहाँ व्यक्त भएको छ। मानिस यन्त्रसँग बोलिरहेछन्, खेलिरहेछन् वास्तविक भावनाबाट टाढिँदै गएका छन् भन्ने मर्म यहाँ प्रस्तुत भएको पाइन्छ । भूकम्पले ल्याएको त्रासदीय झड्काका बेला मानिसले बाँच्नका लागि गर्ने प्रार्थना अनि भयबाट मुक्तिको कामना गर्ने यथार्थलाई हेर्दा अप्रत्यक्ष रूपमा अभिघातीय सन्दर्भ जोडिन आएको मानिन्छ :

अस्ति २९ गते कसरी
आ-आफ्ना यन्त्र बिसाएर रातदिन बोल्यौँ
आज त्यस्तै एक झड्का आइदिए
केही समय भूकम्पको बात माथ्यौँ होला,
किञ्चित डराएजस्तै भएर
कालको कुरा गर्थ्यौँ होला
यो संसार क्षणिक छ
यो मरिहत्ते गर्नु व्यर्थ छ
पनि भन्थ्यौँ होला । (पृ. १०९)

यहाँ आपद्‌विपद् र सङ्कटका घडीमा सँगै हुने दुःखसुख साट्ने मानवीय प्रवृत्ति भएकाले मानिस यान्त्रिक र संवेदनाहीन भएका बेला ठिक्कको भूकम्प आइदिए परिवारका सदस्यहरू त एकै ठाउँमा भएर जीवनका कुरा गर्थ्यौं, भावना साटासाट गर्थ्यौं भन्ने अपेक्षाभाव व्यक्त भएको पाइन्छ । विधि वाच्यद्वारा निषेधयुक्त व्यङ्ग्यार्थभाव यहाँ ध्वनित भएर आएको पाइन्छ । भय र आतङ्कका बेला संवेदनशील हुने अन्यथा यान्त्रिक बन्दै गएको मानवीय स्वभावको जीवन्त प्रस्तुति पाइन्छ । कविको सूक्ष्म चेतनाका साथमा जीवन्त संवेदनाभाव अभिव्यक्त भएर आएको देख्न सकिन्छ ।

## निष्कर्ष

साहित्यकार गोविन्दराज भट्टराईको लेखनमा पाश्चात्य चिन्तनको सघन प्रभाव पाउन सकिन्छ । पाश्चात्य चिन्तनको प्रभावशाली मान्यता अभिघातका पृष्ठभूमिमा यिनका कविताको मूल मर्म केन्द्रित भएको पाइन्छ । यिनका कविताहरू मानवीय मूल्य र जीवनका मर्ममा प्रस्तुत भएको पाइन्छ । मूलतः २०७२ सालमा आएको विनाशकारी भूकम्प र त्यसले सिर्जना गरेको त्रासपूर्ण अवस्थालाई विषवस्तु बनाइएकाले यहाँ अभिघातजन्य चेतना प्रबल बनेर आएको पाइन्छ । कुल अठारवटा कवितामा पन्ध्रवटा कविताहरू भूकम्पीय विषय र त्यसले सिर्जना गरेको विभिन्न क्षेत्रको प्रतिकूल अवस्था र मानसिकतालाई झल्काउन सफल भएका छन् । अन्त्यतिरका तीनवटा कवितामा पनि भूकम्पीय प्रभावका सन्दर्भहरू जोडिन आएकाले समग्र कविताको रचनागर्भ भूकम्प र त्यसले छाडेका प्रभावमा केन्द्रित रहेको देख्न सकिन्छ । हामी सबैले भोगेका त्रासदीपूर्ण कहालीलाग्दा क्षणहरूलाई एउटा कविको चेतनाले कसरी ग्रहण गर्छ भन्ने दृष्टान्तका रूपमा यस सङ्ग्रहका कवितालाई लिन सकिन्छ । यस सङ्ग्रहका सबै कविताहरूमा मानवीय संवेदना साथमा अभिघातका चोटहरू सशक्त बनेर आएको देख्न सकिन्छ । प्रकृतिको सिर्जनामा असन्तुलन हुँदा निम्तिने असन्तुलन र त्यसले सिर्जना गर्ने भयग्रस्त परिणामलाई कविताको केन्द्र भागमा राखिएको छ । प्रकृति र जीवनको अभिन्न सम्बन्धलाई नबुझ्दा नै आजको मानिसले यान्त्रिकतामा दम्भ गर्न पुगेको वास्तविकतालाई झल्काई जतिसुकै आकासिएको भ्रम पाल्नेहरू पनि एक दिन भुइँमा झनुपर्ने यथार्थलाई मार्मिक रूपमा व्यञ्जित गरिएको छ । सरलताभित्र सघन भावमर्मलाई व्यक्त गर्नुका साथै जीवदर्शनका विशिष्ट खुराकहरू पनि यहाँ पाउन सकिन्छ । सबैजसो कवितामा प्रकृतिको प्रलयकारी आतङ्कको सिकार बनेको निरीह मानवको कारुणिक अवस्थाको चित्रण गरिएकाले यहाँ प्रहारको पाटो सघन बनेर आएको स्पष्ट हुन्छ ।

गोविन्दराज भट्टराईको कवित्व साधना मानवीय संवेदनामा केन्द्रित भएको छ । यहाँ २०७२ सालको विनाशकारी भूकम्पले निम्त्याएको त्रासदीपूर्ण मनोदशालाई सूक्ष्म रूपमा केलाई वास्तविकताको तत्त्वबोध गराउने उद्देश्य राखिएको पाइन्छ । प्रकृतिबाट पटकपटक प्रहार सहेर पनि चेत्न नसकेको मानवीय दम्भपूर्ण व्यवहारको प्रस्तुति पनि कटाक्षपूर्ण रूपमा आएको छ । यस सङ्ग्रहका बहुसङ्ख्यक कविताहरूमा अभिघात चेतना सशक्त रूपमा चुलिन पुगेको कुरा यहाँ प्रष्ट भएको छ । मानवीय जीवन चेतनाका साथमा अस्तित्वबोधको दार्शनिक पक्ष पनि यहाँ सशक्त रूपमा आएको छ । हार्दिकताका साथमा जीवनको गहिराइमा पुगी विषय र मर्मलाई खोतल्ने हुनाले यिनको कवित्व कला तिख्खर बन्न पुगेको कुरा स्पष्ट हुन्छ । गद्य लयभित्रको आन्तरिक लयसङ्गीतको संयोजन अनि भावअनुकूलको अभिव्यक्तिले गर्दा कविता पढ्दै जाँदा पाठकले हार्दिकताको अनुभूति गर्दछ । कविताको मर्मलाई खोल्स्याउँदै जाँदा अभिधाका तुलनामा व्यञ्जना वा

ध्वन्यात्मक अर्थ ध्वनित भएर आएको देख्न सकिन्छ। मानव जीवन सबैतिरबाट चोट र प्रहार सहन बाध्य भएको सन्दर्भका पृष्ठभूमिमा प्रकृतिमा आएको प्रलयकारी भूकम्पले पारेको निको नहुने घाउको जीवन्त तस्बिर उतारिएकाले अभिघातीय चेतनाका दृष्टिले यहाँका कविताहरू अनुकूल रहेको निचोड निकाल्न सकिन्छ। भनाइमा प्रशंसाको छनक देखिए पनि मर्ममा घोच्ने गरी प्रहार गर्नुले व्याजस्तुतिमय शैलीका साथमा सुधारको चेतना सम्प्रेषण भएको कुरा स्पष्ट हुन्छ। प्रकृतिका विविध रूप, मानवीय मनोदशाका विविध अवस्थाका साथै समयका विभिन्न पलहरूको सूक्ष्म विश्लेषण यहाँ गरिएको छ। अदृश्य रूपमा ईश्वरीय सत्ताप्रतिको गुनासो अनि निरीह र कमजोर मानव जीवन निस्सार रहेको मर्म पनि यहाँ व्यञ्जित भएको छ। समग्रमा भन्नुपर्दा गोविन्दराज भट्टराईका कवितामा मानव जीवनका पृष्ठभूमिमा आइरहने अनेक प्रकारका प्रहार अनि भयाक्रान्त परिस्थितिलाई मार्मिक रूपमा उठाइएको छ। प्रतिकूलतामा बाँचेको मानिस केबल निरुपाय रहेको अवस्था पनि यहाँ प्रका पारिएको छ। जीवनको मूल्यबोध, मानवीय संवेदना, यान्त्रिकताप्रतिको विमति, विकृतिप्रतिको व्यङ्ग्य, सूक्ष्म अनुभूति चेतनाका साथमा अध्यात्मवादप्रतिको आस्थाभाव पनि सल्बलाएर आएको पाइन्छ। मानिसले भोग्नुपरेको भूकम्पीय त्रासदीलाई सजीव रूपमा उतारी प्रकृति अनुकूल आफूलाई तुल्याएर जीवन बाँच्नुपर्ने सन्देश पनि यहाँ प्रवाहित भएको छ।

## सन्दर्भ सामग्रीसूची


उप्रेती.सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* काठमाडौँ : अक्षर क्रियसन्स।

गौतम.लक्ष्मणप्रसाद (२०६६). *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना.* काठमाडौँ ओरिएन्टल पब्लिकेसन।

गौतम.लक्ष्मणप्रसाद (२०६८). *उत्तरवर्ती नेपाली समालोचना : केही प्रतिरूप.* काठमाडौँ : पैरवी प्रकाशन।

पन्थ.टंकप्रसाद (२०७७). *विश्वेश्वरप्रसाद कोइराला कृति र प्रवृत्ति.* पाल्पा : धवल पुस्तकालय पाल्पा।

पौड्याल.एकनारायण (२०७०). *समालोचनाको स्वरूप र पद्धति.* चितवन : विमर्श नेपाल।

भट्टराई.गोविन्दराज (२०७७). *भूकम्प प्रार्थना.* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन।

शर्मा.मोहनराज (२०६६). *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना.* काठमाडौँ : क्वेस्ट पब्लिकेसन।

सुवेदी.राजेन्द्र (२०६८). *नेपाली समालोचना : परम्परा र प्रवृत्ति.* दोस्रो संस्क.. काठमाडौँ : पाठ्यसामग्री प्रकाशन।